**Far Western Journal of Education**
A Peer-reviewed Journal
ISSN: 3059-9113 (Print)
Published by Faculty of Education, Far Western University
Mahendranagar, Nepal

# माध्यमिक तहको आन्तरिक मूल्याङ्कनप्रति नेपाली भाषा शिक्षकहरूको दृष्टिकोण

**डा. लक्ष्मीप्रसाद आचार्य[1*], भुपेन्द्र बि.सी.[2]**
[1]नेपाली शिक्षा केन्द्रीय विभाग, मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत, नेपाल
[2]अमरज्योति माध्यमिक विद्यालय सुर्खेत, नेपाल
[1*]Corresponding author email: laxmi.acharya@mu.edu.np
[2]Email: bhupendra.bc11@gmail.com

## सार

प्रस्तुत लेखमा माध्यमिक तहको नेपाली विषयको आन्तरिक मूल्याङ्कनको व्यावहारिक उपयोग गर्ने पद्धतिप्रति शिक्षकहरुका धारणालाई विश्लेषण गरिएको छ । यसमा माध्यमिक तहको पाठ्यक्रमले निर्धारण गरेको आन्तरिक मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था, प्रभाव र त्यसमा देखिएको समस्या पहिल्याउने उद्देश्य राखिएको छ । अध्ययनका लागि सङ्ख्यात्मक र शाब्दिक दुवै प्रकृतिका तथ्याङ्कको उपयोग गरिएको छ । यसका लागि सुर्खेत जिल्लाका माध्यमिक तहमा नेपाली विषय शिक्षण गर्ने पैंतिसजना शिक्षकहरूसँग बन्द प्रश्नावली र पाँचजना शिक्षकसँग प्रत्यक्ष अन्तर्वार्ताका आधारमा आवश्यक तथ्याङ्क लिइएको छ । तथ्याङ्कको प्रकृतिअनुसार विश्लेषण गरी परिमाणात्मक तथ्याङ्कलाई चित्रात्मक र गुणात्मक तथ्यलाई विषयीगत रूपमा प्रस्तुत गरिएको छ । सहभागी शिक्षकहरूबाट विद्यार्थीका सिकाइ उपलब्धिका साथै उनीहरूमा व्यावहारिक परिवर्तनका लागि आन्तरिक मूल्याङ्कन सहयोगी हुने धारणा प्राप्त भएको छ । उनीहरूले यसको कार्यान्वयन प्रक्रिया भने कमजोर भएको औंल्याएका छन् । यसको सही प्रयोग हुन नसक्दा विद्यार्थी मूल्याङ्कनको समग्र प्रक्रियासमेत विश्वसनीय बन्न नसकेको विचार उनीहरूको छ । शिक्षकहरूले आन्तरिक मूल्याङ्कनका क्रममा कार्यसञ्चयिकाको प्रयोग नगरिनुका साथै आन्तरिक मूल्याङ्कनका निर्धारित प्रक्रिया प्रभावकारी रूपमा उपयोगमा ल्याउन नसकिएको धारणा प्रस्तुत गरेका छन् । आन्तरिक मूल्याङ्कनलाई उपलब्धिमूलक बनाउन शिक्षकको पेसागत विकासका कार्यक्रमहरूको आयोजनाका साथै यसका निर्धारित मापदण्डको प्रभावकारी कार्यान्वयन र यसको सुपरीवेक्षण पक्षलाई प्रभावकारी बनाउन आवश्यक रहेको निष्कर्ष निकालिएको छ ।

***मुख्य शब्दावली :*** कार्यान्वयन, मापदण्ड, दृष्टिकोण, विश्वसनीयता, कार्यसञ्चयिका

*© Author(s) and Publisher* *This open access article is distributed under a **Creative Commons Attribution-Non Commercial 4.0 (CC BY-NC 4.0) International Public License***

## पृष्ठभूमि

आन्तरिक मूल्याङ्कन विद्यालयदेखि विश्वविद्यालयसम्म गरिन्छ । यसलाई निर्माणात्मक र निर्णयात्मक दुवै मूल्याङ्कनका रूपमा उपयोगमा ल्याइन्छ । आन्तरिक मूल्याङ्कनले सिकाइमा विद्यार्थीको प्रत्यक्ष सहभागिता तथा सिकाइप्रति सक्रियता र जिम्मेवारी बढाउने मानिन्छ । यसलाई विद्यार्थीले प्राप्त गरेको ज्ञान, सिप र धारणालाई थप सबल बनाउन लागि पृष्ठपोषण दिने आधारका रूपमा रहन्छ । विद्यार्थीले नियमित रूपमा निर्धारित कार्य गर्नुपर्ने र त्यस्ता कार्यको मूल्याङ्कन भई पृष्ठपोषण प्राप्त हुने चक्रीय प्रणालीका रूपमा आन्तरिक मूल्याङ्कनको उपयोग गरिन्छ । यसबाट प्राप्त नतिजा बाह्य मूल्याङ्कनमा समावेश गर्ने परिपाटी रहेको छ । शिक्षकहरूले विद्यार्थीका कार्यको नियमित लेखाजोखा, सुधार, सिकाइ योजना, प्रयोग, नतिजा र त्यसको बाह्य मूल्याङ्कनमा उपयोग गरिने पद्धतिका रूपमा आन्तरिक मूल्याङ्कन रहने भएकाले सिकाइका लागि यो अनिवार्य पक्षका रूपमा लिइन्छ ।

आन्तरिक मूल्याङ्कन विद्यार्थीको सिकाइ प्रक्रियाको एक पक्षका रूपमा रहन्छ । यसको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ क्षमतामा सुधार ल्याउनु रहन्छ । आन्तरिक मूल्याङ्कनसम्बन्धी विभिन्न कार्यमा सहभागी हुनुपर्ने तथा यसलाई नियमित उपयोग गरिने भएकाले यसबाट विद्यार्थीहरूले सिकाइ सक्षमताका अवसरहरू प्राप्त गर्दछन् । आन्तरिक मूल्याङ्कनका लागि सञ्चालन गरिने प्रक्रियाहरूले विद्यार्थीहरूलाई परीक्षाको भयबाट मुक्त गराउन सहयोग गर्ने मानिन्छ । विद्यार्थीलाई नियमित बनाउन, निर्धारित समयमा तोकिएका काम गर्न, आफ्नो सिकाइको स्वमूल्याङ्न गर्न लगाउने भएकाले यो व्यवहार निर्माणमा पनि सहायक सिद्ध देखिन्छ । यसलाई विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनका साथै विद्यमान सिकाइ पद्धति परिमार्जन गर्ने मुख्य आधार (श्रीनिवासन, २०१६) मानिन्छ । विद्यार्थीका कार्यहरूको अभिलेख राखिने भएकाले सिकाइ प्रक्रियाको गति र दिशा स्पष्ट हुन्छ । भाषा शिक्षणमा क्रममा सञ्चालन गरिने मूल्याङ्कन सम्बद्ध गतिविधिले भाषिक क्षमताको पहिचान र सुधारका प्रक्रियालाई दर्साउँछन् । बाह्य परीक्षाले मापन गर्न नसक्ने सक्षमताको परीक्षण, भाषिक सिप विकासको अवस्था र सुधारका लागि यो उपयोगी देखिन्छ । भाषिक मूल्याङ्कनबाट विद्यार्थीहरूको भाषिक क्षमताको आँकलन गर्नु मात्र नभई शिक्षण प्रभावकारिताको परीक्षण गर्नु (शर्मा र पौडेल, २०६८, पृ. ३०६) रहन्छ । यसबाट विद्यार्थीको पढाइमा रुचि ल्याउन, कक्षा सहभागिता बढाउन, पृष्ठपोषण र थप सिकाइको अवसर प्रदान गर्नका लागि आन्तरिक मूल्याङ्कन आवश्यकीय देखिन्छ । यसरी मूल्याङ्कन विद्यार्थीको सिकाइ उपलब्धिदेखि नीतिगत सुधारसम्म महत्त्वपूर्ण देखिन्छ ।

वर्तमान नेपाली भाषाको माध्यमिक तह (कक्षा ९-१२) को पाठ्यक्रमले आन्तरिक मूल्याङ्कनसँग सम्बन्धित विधि तथा प्रक्रियाको विस्तृत विवरण रहेको कार्यविधि निर्धारण गरेको छ । यसमा कक्षा सहभागिता, त्रैमासिक परीक्षा, परियोजना कार्य, सुनाइ र बोलाइजस्ता आधार बनाएर आन्तरिक मूल्याङ्कनलाई २५ पूर्णाङ्कको राखेको छ । यसअन्तर्गत त्रैमासिक परीक्षा दुई पटक र अन्य आधारलाई तीनतीन पटक प्रयोग गरी त्यसको औसतका आधारमा कुल २५ पूर्णाङ्कमा लिनुपर्ने प्रावधान राखेको छ । यसमा विद्यार्थीले ४० प्रतिशत अथवा सी ग्रेड प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ । यस किसिमको व्यवस्थाप्रति सम्बन्धित तह र कक्षामा नेपाली विषय शिक्षण गर्ने शिक्षकका विचारहरू केलाइएको छ । पाठ्यक्रमले निर्धारण गरेको यस किसिमको आन्तरिक मूल्याङ्कनको मापदण्डअनुसार त्यसको उपयोग केकसरी सञ्चालन भइरहेको छ । शिक्षकहरूले

यसलाई व्यवहारमा कसरी उतारेका छन् भन्ने विषयमा अध्ययन गर्न आवश्यक मानिएको छ ।

प्रस्तुत लेख माध्यमिक तहको आन्तरिक मूल्याङ्कनप्रति नेपाली भाषा शिक्षकले कस्तो धारणा राखेका छन् भन्ने समस्यामा आधारित छ । यसमा पाठ्यक्रमले निर्दिष्ट गरेका प्रक्रियाअनुसार आन्तरिक मूल्याङ्कन गरे नगरेको, यसलाई भाषा सिकाइ पद्धतिको सुधारका लागि उपयोगमा ल्याइए नल्याइएको अवस्थाको खोजी गरिएको छ । विद्यालयमा आन्तरिक मूल्याङ्कन परिपाटी सञ्चालन र यसको प्रभाकारिता सम्बन्धी जिज्ञासामा आधारित छ । यिनै समस्यामा आधारित रही माध्यमिक तहको पाठ्यक्रमले निर्धारण गरेको आन्तरिक मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था, प्रभाव र त्यसमा देखिएको समस्या पहिल्याउने उद्देश्य राखिएको छ । यसमा नेपाली विषयको आन्तरिक मूल्याङ्कनका आधार, कार्यान्वयनको स्थिति, यसको आवश्यकता र प्रभावकारिता सम्बन्धी नेपाली भाषा शिक्षकहरूका दृष्टिकोण केलाइएको छ । नेपाली भाषा सिकाइ उपलब्धिमा पर्ने प्रभाव, विद्यार्थी व्यवहार, शिक्षकको पेसागत विकास, प्रयोग तरिका, विश्वास, समस्याका विषयमा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरी नतिजाको खोजीमा यो लेख केन्द्रित छ । यसबाट माध्यमिक तह कक्षा (९-१२) मा नेपाली भाषा शिक्षण सिकाइमा आन्तरिक मूल्याङ्कनको प्रयोग, उपयोगिता र यससम्बन्धी चुनौतीबारे वस्तुगत तथ्य प्राप्त गरिएको छ । यसबाट नेपाली भाषा सिकाइमा आन्तरिक मूल्याङ्कनको प्रभावकारी उपयोग गर्ने पद्धतिको निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन प्राथमिक स्रोत सामग्रीमा आधारित छ । यसमा सम्बन्धित कक्षामा अध्यापन गर्ने शिक्षकहरूका धारणालाई विश्लेषण गरी निष्कर्ष खोजिएको छ । यसका लागि मिश्रित अध्ययन ढाँचाको अनुसरण गरिएको छ । यसमा परिमाणात्मक र गुणात्मक तथ्याङ्कको सङ्कलन, विश्लेषण र तुलना गरी निष्कर्षमा पुगिने (खनाल, २०८०, पृ.१०३) प्रक्रियालाई अपनाइएको छ । अध्ययनका लागि आवश्यक दुवै प्रकृतिका तथ्याङ्कलाई सङ्कलन गरी तिनको फरक फरक प्रक्रियाको विश्लेषण पद्धति अवलम्बन गरिएको छ । यस अध्ययनमा सुर्खेत जिल्लाका पैंतिसजना नेपाली भाषा शिक्षकहरूलाई सामान्य सम्भावनायुक्त नमुना छनोट पद्धतिका आधारमा छनोट गरिएको छ भने उद्देश्यमूलक नमुना छनोट पद्धतिको उपयोगबाट पाँचजना नेपाली विषय शिक्षकलाई सहभागीका रूपमा छानिएको छ । तथ्याङ्क सङ्कलनका लागि बन्द र खुला प्रश्नावलीलाई साधनका रूपमा लिइएको छ । बन्द प्रश्नावलीको प्रयोगका क्रममा गुगल फारामलाई उपयोगमा ल्याइएको छ । यसबाट परिमाणात्मक तथ्याङ्कको सङ्कलन गरिएको छ । गुणात्मक तथ्याङ्कका लागि प्रत्यक्ष अन्तर्वार्तालाई उपयोगमा ल्याइएको छ । यसका लागि पाँचजना नेपाली भाषा शिक्षकहरूसँग सम्बन्धित विद्यालयमा गई प्रत्यक्ष अन्तर्वार्ता लिइएको छ । तथ्याङ्कको प्रकृतिअनुसार फरक फरक विश्लेषणको प्रक्रिया अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययनमा परिमाणात्मक तथ्याङ्कलाई गुगल फारमका आधारमा विश्लेषण गरी प्रतिशतमा गणना तालिका, स्तम्भचित्र र रेखाचित्रमा प्रस्तुत गरिएको छ । यसक्रममा गुगल फाराममार्फत् प्रतिक्रिया जनाउने शिक्षकको उपस्थिति प्रतिशतमा देखाइएको छ भने अन्तर्वार्तामा सहभागी हुने शिक्षकलाई साङ्केतिक रूपमा शिक्षक 'क', शिक्षक 'ख' ... शिक्षक 'ङ' भनेर प्रस्तुत गरिएको छ । तथ्याङ्कको चित्रात्मक प्रस्तुतिले तथ्यलाई छरितो, सरल र आकर्षक ढङ्गले प्रस्तुत गर्न सहज बनाउने (लम्साल र खनाल, २०७६, पृ. ५५) मान्यतालाई अपनाइएको छ । गुणात्मक तथ्याङ्कलाई भने एटलसटी आईका साथै म्यानुअल रूपमा विश्लेषण गरिएको छ । परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरूको विश्लेषणबाट प्राप्त

नतिजालाई समावेश गरी स्थापित मापदण्ड, पूर्व अध्ययनका निष्कर्षका आधारमा छलफलको गराई निष्कर्ष पहिल्याइएको छ । यसरी प्रस्तुत अध्ययनको विधि तथा प्रक्रियालाई व्यवस्थित र क्रमबद्ध तुल्याई यस अध्ययनलाई पूर्णता प्रदान गरिएको छ ।

## सम्बन्धित साहित्यको समीक्षा

विद्यालय तहको मूल्याङ्कन पद्धतिमा आन्तरिक मूल्याङ्कनको अवस्था, प्रभाव, यसको वैधता, विश्वसनीयता जस्ता विषयमा अध्येताहरूबाट विभिन्न प्रकृतिको अध्ययन कार्यहरू गरिएको पाइन्छ । चापागाईं (सन् २०२१) बाट वि.सं. २०७८ को एसइईको परीक्षामा विद्यार्थीहरूको सैद्धान्तिक र प्रयोगात्मकतर्फको प्राप्ताङ्कको तुलनात्मक अध्ययन गरिएको छ । यसमा दुवै प्रकृतिका मूल्याङ्कनको उपलब्धिमा व्यापक अन्तर रहेको नतिजा निकालिएको छ । प्रयोगात्मक कार्य आन्तरिक मूल्याङ्कनको मुख्य उपाय भए तापनि विद्यालयमा यसको मूल्याङ्कन सही किसिमले नभएको निष्कर्ष पहिल्याइएको छ । यस सम्बन्धमा खनाल (सन् २०२१) ले त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायको स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा अनिवार्य मानिने आन्तरिक मूल्याङ्कन प्रक्रियाबद्ध नगरिएकाले विश्वसनीयता र वैधता नरहेको देखाएका छन् । उनका अनुसार परियो जना कार्य प्रभावकारी बन्न नसकेको, आन्तरिक मूल्याङ्कनलाई विद्यार्थीको सिकाइमा अर्थपूर्ण परि वर्तनका लागि व्यावहारिक रूपमा कार्यान्वयन गरिएको छैन । ताराल (सन् २०१५) ले शैक्षिक सुधार र गुणस्तरीय शिक्षाका लागि विद्यार्थीको निरन्तर मूल्याङ्कलाई निरन्तर एवम् व्यापक रूपमा उद्देश्यअनुरूप सञ्चालन गर्न आवश्यक रहेको नतिजा प्रस्तुत गरेका छन् । उनले यस कार्यका लागि निर्धारित मापदण्डहरूको सही र पूर्ण पालना गरिएको हुनुपर्ने निष्कर्ष निकालेका छन् । यसरी आन्तरिक मूल्याङ्कन सम्बन्धमा पूर्वअध्ययनहरू यसको प्रभावकारिता, वैधता एवम् विश्वसनीयतासँग सम्बन्धित देखिन्छन् । यस अध्ययनमा आन्तरिक मूल्याङ्कनसँग सम्बन्धित मुख्य पक्षबारे चर्चा गरिएको छ ।

### आन्तरिक मूल्याङ्कन

शिक्षण सिकाइका प्रक्रियाका क्रममा विद्यार्थीका गतिविधिको आँकलन गरी सोहीअनुसार स्तर निर्धारण गर्ने प्रक्रियालाई आन्तरिक मूल्याङ्कन भनिन्छ । यसको प्रकृति निर्माणात्मक र उद्देश्य सुधारात्मक रहन्छ । यसका लागि पाठ्यक्रमले निर्धारण गरेअनुसारका आधार तथा प्रक्रियाहरूको प्रयोग गरिन्छ । यो कक्षाकोठाभित्र र बाहिर गराइने विभिन्न गतिविधिका साथै आवधिक परीक्षाहरूसँग पनि सम्बन्धित रहन्छ । खनाल र अन्य (२०७०, पृ.५३) ले यसलाई विषय शिक्षकद्वारा निर्माण, सञ्चालन र उपयोग गरिने मूल्याङ्कनको एक प्रकारका रूपमा चिनाएका छन् भने लब (सन् २०११, पृ. ५) ले शिक्षण प्रक्रियामा प्रत्यक्ष सहभागी एवम् जिम्मेवारी भएका व्यक्तिद्वारा गरिने मूल्याङ्कन कार्यका रूपमा प्रस्तुत गरेका छन् । शर्मा र पौडेल (२०६८, पृ. ३०८) ले यसलाई विद्यार्थीको क्षमता पहिचान गर्ने, भाषिक समस्या समाधान गर्ने र विद्यार्थीलाई भाषा सिकाइप्रति उत्प्रेरित गर्ने प्रक्रियाका रूपमा लिएका छन् । यसरी शिक्षण सिकाइको प्रक्रियाकै क्रममा परीक्षण तथा मूल्याङ्कन गरी त्यसमा निरन्तर सुधार गर्ने गतिविधिका रूपमा आन्तरिक मूल्याङ्कनलाई चिनाइएको छ ।

आन्तरिक मूल्याङ्कन सिकाइसम्बन्धी समस्या समाधान गर्न र स्तर उकास्न सहयोगी प्रक्रिया मानिन्छ । यसका आधारमा विद्यार्थीले सम्पादन गर्न सकेका र नसकेका भाषिक सक्षमताको पहिचान गर्न सकिन्छ । यो विद्यार्थीको सक्षमता मापन गरी कमजोरीमा सुधारका साथ योजना

बनाउन सघाउने (मनिचन्देर, २०१६) प्रक्रियाका रूपमा रहन्छ । यसले भाषा सिकाइका लक्ष्य प्राप्तिमा सुधार गरिनुपर्ने आवश्यक कुराको जानकारी दिने र विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गर्ने कार्य गर्छ (एजुकेसन रिम्यु अफिस, २०१६) । यसबाट बाह्य मूल्याङ्कनका प्रक्रियाले मापन गर्न नसक्ने सक्षमताहरूको पनि मापन गर्न सम्भव हुन्छ । यसलाई विद्यार्थी प्रगतिको परीक्षण गरी भाषा शिक्षणको प्रभावकारिता पहिचान गर्न र पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ केन्द्रित गर्न आन्तरिक मूल्याङ्कन उपयोग गर्न सकिन्छ (खनाल, २०१९) । विद्यार्थीको सिकाइका कमजोरीहरू हटाउन र शिक्षण विधिमा परिवर्तन ल्याई संस्थाको गुणस्तर बढाउनका लागि उपयोग गर्न सकिन्छ । यो निर्धारित उद्देश्यमा आधारित शैक्षिक गुणस्तर कायम गर्ने महत्त्वपूर्ण प्रक्रियाको रूपमा रहन्छ (फर्जिनापाउर र अन्य, सन् २०१३) । लिखित परीक्षाभन्दा व्यावहारिक कार्यकलापलाई अधिक आधार बनाएर मूल्याङ्कन गरिने भएकाले भाषा सिकाइको सुधारका लागि यो प्रभावकारी छ (लुइँटेल, २०२३, पृ. ११९) । यसरी व्यावहारिक पक्षका आधारमा निर्णय लिने विद्यार्थीको सिकाइ प्रक्रियाको सुधारको उपायका रूपमा आन्तरिक मूल्याङ्कनको प्रयोग गरिनु पर्ने देखिन्छ ।

आन्तरिक मूल्याङ्कन सम्बन्धित विषय शिक्षकबाट गरिन्छ । यसमा विषय शिक्षकबाट विद्यार्थीका व्यावहारिक गतिविधिको मापन गर्नाका साथै आवधिक परीक्षा सञ्चालन गरिन्छ । यस क्रममा वैयक्तिक प्रभाव पर्ने कुरामा ख्याल गर्न नसक्दा मूल्याङ्कनको विश्वसनीयता र वैधता कायम हुन सक्दैन (खनाल र अन्य, पृ. ५४) । यसका लागि शिक्षकहरू संस्थागत निष्ठता र नैतिक पक्षमा सन्तुलन राख्दै निर्वैक्तिक भूमिकामा रहन आवश्यक हुन्छ (लब, सन् १९९१, पृ. ५९) । यसर्थ शिक्षण सिकाइका मुख्य सहजकर्ता शिक्षकको भूमिका, क्षमता, निष्पक्षता जस्ता सन्दर्भहरू आन्तरिक मूल्याङ्कनमा अर्थपूर्ण रहन्छन् ।

## आन्तरिक मूल्याङ्कनसम्बन्धी नीतिगत व्यवस्था

माध्यमिक शिक्षा पाठ्यक्रम २०७६ मा आन्तरिक मूल्याङ्कनको व्यवस्था गरिएको छ । शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) का अनुसार विद्यालय शिक्षाको मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ, विश्वसनीय, वैध र भरपर्दो बनाई एकरूपता कायम गर्नका लागि सबै विषयमा आन्तरिक र बाह्य मूल्याङ्कन पद्धति निर्धारण गरिएको छ । यसका लागि २५ प्रतिशत भार आन्तरिक मूल्याङ्कन र ७५ प्रतिशत भार कायम गरिएको छ । यसका लागि कक्षा सहभागिता, त्रैमासिक परीक्षाहरूबाट प्राप्त अङ्क, प्रयोगात्मक र परियोजना कार्य र विषयगत पाठ्यक्रममा तोकिएका आधारहरूलाई समावेश राखिएको छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६, पृ १६) । माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०) २०७१ ले नेपाली विषयमा प्रयोगात्मक मूल्याङ्कनलाई पहिलो पटक समावेश गरेको पाइन्छ भने कक्षा ११/१२ तर्फ भने माध्यमिक शिक्षा पाठ्यक्रम (२०७६) ले विद्यालय तह कक्षा १०-१२ को नेपाली विषयमा २५/२५ पुर्णाङ्कको आन्तरिक मूल्याङ्कन समावेश गरिएको छ । यसमा सहभागितावापत ३ अङ्क, कक्षा कार्य/परियोजना कार्यका लागि ६, सुनाइका लागि ३, बोलाइका लागि ७ र त्रैमासिक परीक्षाको अङ्कवापत ६ गरी विभाजन गरिएको छ । यसबाट विभिन्न कार्यका लागि अङ्कभार विभाजन गरी यसलाई विश्वसनीय तुल्याउन खोजिएको छ ।

माध्यमिक तहको पाठ्यक्रमले कक्षा ९-१० का लागि निर्धारण गरेका मूल्याङ्कन क्षेत्र र त्यसको अङ्कभार यसप्रकार रहेको छ :

**तालिका १**

*माध्यमिक तह कक्षा ९-१० को नेपाली विषयको आन्तरिक मूल्याङ्कनका आधार*

| क्र.सं | मूल्याङ्कनको क्षेत्र | मूल्याङ्कन क्षेत्रको विस्तृतीकरण | अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १ | उपस्थिति कक्षा सहभागिता | उपस्थिति | १ | ३ |
| | | कक्षा सहभागिता | २ | |
| २ | (क) सुनाइ, बोलाइ र पढाइ | निर्दिष्ट विषयवस्तुमा आधारित श्रुतिलेखन | २ | १६ |
| | | पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर | २ | |
| | | सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन | २ | |
| | | कथाकथन, घटना, पात्र र परिवेशको वर्णन | २ | |
| | | भाषिक प्रकार्यमा आधारित संवाद, मौखिक वर्णन र प्रस्तुति | २ | |
| | | सस्वरवाचन | २ | |
| | (ख) सिर्जनात्मक कार्य, परियोजना कार्य तथा प्रस्तुति | सिर्जनात्मक कार्य | २ | |
| | | परियोजना कार्य तथा प्रस्तुति | २ | |
| ३ | त्रैमासिक परीक्षा | त्रैमासिक परीक्षा | ६ | ६ |
| | | जम्मा | | २५ |

माध्यमिक तह कक्षा ९ र १० को पाठ्यक्रमले जम्मा २५ पूर्णाङ्कको आन्तरिक मूल्याङ्कन प्रक्रियालाई उल्लिखित मापदण्डहरूमा प्रस्तुत गरेको छ। यस किसिमको अङ्क विभाजनबाट कार्यलाई वस्तुगत र विश्वसनीय बनाउन खोजेको देखिन्छ। यही मापदण्डअनुसार कक्षा ९ र १० मा आन्तरिक मूल्याङ्कनका कार्य गरिदै आएका छन्।

माध्यमिक तह कक्षा ११-१२ का लागि निर्धारण गरेका मूल्याङ्कन क्षेत्र र त्यसको अङ्कभार यसप्रकार रहेको छ :

**तालिका २**

*माध्यमिक तह कक्षा ११-१२ को नेपाली विषयको आन्तरिक मूल्याङ्कनका आधार*

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र | मूल्याङ्कन क्षेत्रको विस्तृतीकरण | अङ्कभार | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १ | उपस्थिति कक्षा सहभागिता | उपस्थिति | १ | ३ |
| | | कक्षा सहभागिता | २ | |

| | | | | |
|---|---|---|---|---|
| | (क) सुनाइ, बोलाइ र पढाइ | निर्दिष्ट विषयवस्तुमा आधारित श्रुति लेखन | २ | |
| | | दृष्ट्रांश पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर | २ | |
| | | अदृष्ट्यांश पाठ्यसामग्री सुनाइका आधारमा प्रश्नोत्तर | २ | १६ |
| २ | | सान्दर्भिक विषयवस्तु वा चित्रको मौखिक प्रतिक्रिया तथा वर्णन | २ | |
| | | कथाकथन, घटना, पात्र र परिवेशको वर्णन | २ | |
| | | सस्वरवाचन | २ | |
| | (ख) सिर्जनात्मक कार्य, परियोजना कार्य तथा प्रस्तुति | सिर्जनात्मक कार्य | २ | |
| | | परियोजना कार्य तथा प्रस्तुति | २ | |
| ३ | त्रैमासिक परीक्षा | त्रैमासिक परीक्षा | ६ | ६ |
| | | जम्मा | | २५ |

(विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० कक्षा ९-१२)

माध्यमिक तह कक्षा ११-१२ को नेपाली विषयको पाठ्यक्रमले उल्लिखित आधारहरूमा आन्तरिक मूल्याङ्कनलाई व्यवस्थित रूपमा प्रस्तुत गरेको देखिन्छ। तोकिएका मापदण्डलाई कक्षा शिक्षणका क्रममा उपयोग गर्दै तिनको अभिलेखीकरण गर्नूपर्ने र त्रैमासिक र अर्धवार्षिक परीक्षाको नतिजा यसै आधारमा निकाल्नु पर्दछ। आन्तरिक मूल्याङ्कनका प्रक्रियालाई जुन रूपमा उपयोग गरिए तापनि तिनको औसत अङ्क रूपमा २५ प्रतिशतमा तयार गरिन्छ। आन्तरिक मूल्याङ्कनको उत्तीर्णाङ्क ४० प्रतिशत हुनुपर्ने प्रावधान कायम गरिएको छ।

## व्याख्या तथा विश्लेषण

विद्यालय तहको नेपाली भाषा शिक्षणका क्रममा गरिने आन्तरिक मूल्याङ्कनप्रति नेपाली भाषा शिक्षकहरूले विभिन्न विषयका आधारमा दिएका विचार तथा धारणाहरूको विश्लेषण गरिएको छ। यसका लागि सहभागी शिक्षकसँग बन्द प्रश्नावलीका आधारमा परिमाणात्मक र प्रत्यक्ष अन्तर्वार्ताका आधारमा गुणात्मक तथ्याङ्क लिइएको छ। बन्द प्रश्नावलीबाट प्राप्त धारणालाई कम्प्युटरको सहायताले विश्लेषण गरिएको छ। यसबाट प्राप्त नतिजालाई रेखाचित्र, वृत्तचित्रमा प्रस्तुत गरी त्यसलाई प्रस्ट्याइएको छ। अन्तर्वार्तामा सहभागी शिक्षकका दृष्टिकोणलाई शब्दचित्रमा राखी प्रस्तुत गरी त्यसको व्याख्या गरिएको छ। यसबाट आन्तरिक मूल्याङ्कनको उपयोगमा शिक्षकहरूका धारणा तथा दृष्टिकोणलाई पहिल्याइएको छ।


### आन्तरिक मूल्याङ्कनको कार्यान्वयन

माध्यमिक शिक्षा पाठ्यक्रमले आन्तरिक मूल्याङ्कनका मापदण्ड निर्धारण गरेको छ।

तिनको कार्यान्वयनको अवस्थालाई पहिल्याउन शिक्षकहरूका विचार लिइएको छ । यसका लागि सहभागी शिक्षकहरूलाई आन्तरिक मूल्याङ्कन कहिले कहिले गर्नुहुन्छ र पाठ्यक्रमले निर्धारण गरेका क्षेत्रहरूलाई आधार बनाउनु हुन्छ ? भनेर प्रश्न राखिएको छ । यसमा आधारित सहभागीहरूले यसप्रकारको प्रतिक्रिया जनाएका छन् :

**रेखाचित्र १**

*आन्तरिक मूल्याङ्कनको कार्यान्वयन*




माथिको रेखाचित्रमा सहभागी शिक्षकहरूले मिश्रित प्रतिक्रिया जनाएका छन् । आन्तरिक मूल्याङ्कन निरन्तर गरिन्छ भने प्रतिक्रिया जनाउने शिक्षकको सङ्ख्या कम देखिन्छ । त्रैमासिक परीक्षाको समयमा आन्तरिक मूल्याङ्कनका कार्य गरिन्छ भनेर प्रतिक्रिया जनाउने शिक्षक ५५.८८ प्रतिशत रहेका छन् । वार्षिक परीक्षामा मात्र आन्तरिक मूल्याङ्कन गरिन्छ भन्ने शिक्षक ३५ प्रतिशतभन्दा अधिक रहेका छन् । यसैगरी पाठ्यक्रमले निर्धारण गरेका केही क्षेत्रलाई मात्र आधार बनाएर आन्तरिक मूल्याङ्कन गर्ने शिक्षकको सङ्ख्या ९१.४३ प्रतिशत रहेको छ । पाठ्यक्रमले निर्धारण गरेका सबै क्षेत्रमा आधारित आन्तरिक मूल्याङ्कन गर्ने शिक्षक ८.५७ प्रतिशत रहेको छ । यसबाट निकै कम शिक्षकले आन्तरिक मूल्याङ्कनलाई पाठ्यक्रमको मर्मअनुसार सञ्चालन गरेका छन् ।

अन्तर्वार्तामा सहभागी शिक्षकहरूसँग पनि आन्तरिक मूल्याङ्कनको कार्यान्वयनका बारेमा प्रश्न राखिएको छ । उनीहरूबाट प्राप्त धारणालाई शब्दचित्रमा यसप्रकार उल्लेख गरिन्छ :

| | |
|---|---|
| शिक्षक 'ख', 'घ' र 'ङ' | त्रैमासिक रूपमा आन्तरिक मूल्याङ्कनका कार्य गर्ने गरिएको छ । |
| शिक्षक क' | वार्षिक परीक्षाको समयमा मात्र अङ्क दिइन्छ । आन्तरिक मूल्याङ्कनका केही आधारहरूको प्रयोग गरिनाका साथै आफ्नै तरिकाले अङ्क दिइन्छ । |
| शिक्षक 'ग' | आन्तरिक मूल्याङ्कनमा सबै आधारको प्रयोग नगरी विद्यार्थी उपस्थिति, सहभागिता र त्रैमासिक परीक्षालाई बढी प्रयोग गरिएको छ । |

अन्तर्वार्तामा सहभागी शिक्षकहरूले आन्तरिक मूल्याङ्कन निरन्तर रूपमा नगरी त्रैमासिक रूपमा गरिने धारणा राखेका छन् । यसक्रममा उनीहरूले यसका सबै मापदण्डमा आधारित नभई केही आधारलाई मात्र उपयोग गरेको कुरा खुलाएका छन् । माथिका प्रतिक्रियाअनुसार गुगल फाराम र अन्तर्वार्ता दुवै उपायमा सहभागी शिक्षकहरूबाट प्राप्त विचारमा समानता देखिन्छ । आन्तरिक मूल्याङ्कनलाई निरन्तर प्रक्रियाका रूपमा प्रयोग गर्ने शिक्षकको सङ्ख्या कम छ भने यसलाई त्रै मासिक कार्यका रूपमा लिने शिक्षकहरू अधिक छन् । शिक्षकहरूमा पाठ्यक्रममा मर्मअनुसार भन्दा जुन कुरा सहज र उपयुक्त लाग्छन् तिनकै आधारमा आन्तरिक मूल्याङ्कनको प्रयोग गर्ने प्रवृत्ति पनि अधिक रहेको छ । यसबाट सहभागी शिक्षकहरूबाट आन्तरिक मूल्याङ्कनलाई आफू अनुकूल प्रयोग गरेको देखिन्छ ।

### आन्तरिक मूल्याङ्कनका क्षेत्रको उपयोग

माध्यमिक तहको पाठ्यक्रमले आन्तरिक मूल्याङ्कनलाई विश्वसनीय बनाउन विभिन्न उपक्षेत्रको निर्धारण गरेको छ । सहभागी शिक्षकहरूसँग आन्तरिक मूल्याङ्कनका कुन कुन क्षेत्रलाई महत्त्व दिएर प्रयोग गर्नू भएको छ भन्ने प्रश्न गरिएको छ । यस सम्बन्धी प्राप्त मतलाई तलको तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ३**

*आन्तरिक मूल्याङ्कनका क्षेत्रको उपयोग*

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | उच्च | मध्यम | सामान्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उपस्थिति | ९१.४३ | ८.५७ | ०.०० | १०० | |
| २ | सहभागिता | ११.४३ | २५.७१ | ६२.८६ | १०० | |
| ३ | सुनाइ | ९७.१४ | २.८६ | ०.०० | १०० | |
| ४ | बोलाइ | २२.८६ | ४२.८६ | ३४.२९ | १०० | |
| ५ | पढाइ | ५.७१ | १४.२९ | ८०.०० | १०० | |
| ६ | परियोजना कार्य | ९४.२९ | ५.७१ | ०.०० | १०० | |
| ७ | सिर्जनात्मक कार्य | ४०.०० | ४२.८६ | १७.१४ | १०० | |
| ८ | परियोजना कार्यको प्रस्तुति | १७.१४ | २०.०० | ६२.८६ | १०० | |
| ९ | त्रैमासिक परीक्षा | १००.०० | ०.०० | ०.०० | १०० | |

माथिको तथ्याङ्कले शिक्षकहरुले आन्तरिक मूल्याङ्कन गर्दा पाठ्यक्रमद्वारा निर्धारित सबै क्षेत्रलाई प्रयोग गरेको देखिदैन । नौओटा क्षेत्रमध्ये विद्यार्थी उपस्थिति, सुनाइ सिप परीक्षण, परियोजना कार्य र त्रैमासिक परीक्षा गरी चारओटा क्षेत्रलाई अधिक महत्त्व दिएका छन् । कक्षा सहभागितालाई महत्त्व नदिने शिक्षकको सङ्ख्या ६२.८६ प्रतिशत रहेको छ । पढाइलाई ८० प्रतिशत र परियोजना कार्यको प्रस्तुतिलाई ६२.८६ प्रतिशत शिक्षकले प्राथमिकतामा राखेका छैनन् । यसै गरी १७.१४ प्रतिशत शिक्षकहरूले सिर्जनात्मक कार्यलाई महत्त्व दिएको देखिएन । यी तथ्याङ्कलाई दृष्टिगत गर्दा माध्यमिक तहको नेपाली विषयको आन्तरिक मूल्याङ्कनमा पाठ्यक्रमद्वारा निर्देशित

मर्मअनुरूप हुन सकेको छैन ।

अन्तर्वार्तामा सहभागी शिक्षकहरूसँग पाठ्यक्रमले निर्धारण गरेका आन्तरिक मूल्याङ्कनका क्षेत्रको उपयोगका बारेमा जिज्ञासा राखिएको छ । उक्त विषयमा शिक्षकहरुका धारणालाई शब्दचित्रमा यसरी प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| शिक्षक 'क' | आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, गद्यांश सुनाएर, चित्र, परिवेशको मौखिक वर्णन तथा सस्वरवाचन गराइएको छ । |
| शिक्षक 'ख' | हाजिरी रेकर्ड र त्रैमासिक परीक्षाको नतिजाका साथै सुनाइ सिपको पनि परीक्षण गर्ने कार्यकलाप गराइएको छ । |
| शिक्षक 'ग' | सबै क्षेत्रमा आधारित मूल्याङ्कन गर्न सकिएको छैन । कतिपय क्षेत्रसँग सम्बन्धित कार्य व्यवस्थित गर्न सकिएको छैन । केही क्षेत्रमा आधारित अङ्कन गर्ने कार्य गरि एको छ । |
| शिक्षक 'घ' | नियमितता र त्रैमासिक परीक्षा अनिवार्य हुन्छन् । नोट कापी परीक्षण, हस्त लेखन, मौखिक अन्तर्वार्ता, सिर्जनात्मक कार्य, प्रविधिमा आधारित खोज जस्ता कार्यलाई पनि आधार बनाउने गरिएको छ । |
| शिक्षक 'ङ' | कक्षा सहभागितालाई त्यति महत्त्व दिने गरिएको छैन । बोलाइ, पढाइ र परियोजना कार्यको प्रस्तुतिले बढी समय लिन्छ । सुनाइमा आधारित प्रश्नोत्तर र श्रुतिलेखनको कार्य भने गर्ने गरिएको छ । |


अन्तर्वार्ताका क्रममा सहभागी शिक्षकहरूले आन्तरिक मूल्याङ्कनका लागि पाठ्यक्रमद्वारा निर्देशित सबै क्षेत्रलाई प्रयोग गर्न नसकेको खुलाएका छन् । उनीहरुले त्रैमासिक परीक्षालाई सबैभन्दा अधिक स्थान दिएका छन् । अन्य मापढण्डलाई कम मात्रामा स्थान दिएको देखिन्छ । सहभागी सबै शिक्षकहरुबाट त्रैमासिक परीक्षा, विद्यार्थी उपस्थिति र श्रुतिलेखनलाई बढी प्रयोग गरिएको देखिन्छ । कक्षा सहभागिता, बोलाइ सिप परीक्षण, पढाइ सिप परीक्षण, परियोजना कार्यको प्रस्तुतिलाई प्राथमिकतामा राखिएको छैन । कतिपय शिक्षकबाट निर्धारित क्षेत्रभन्दा बाहिरका कार्यकलापलाई समेत आधार बनाइएको देखिन्छ । यसबाट आन्तरिक मूल्याङ्कनका लागि माध्यमिक पाठ्यक्रमले निर्धारण गरेका मापदण्डलाई सही रुपमा उपयोग गरेको ठहर्दैन ।

## आन्तरिक मूल्याङ्कनप्रति विश्वास

आन्तरिक मूल्याङ्कनमा शिक्षकको बुझाइ र विश्वासले पनि प्रभाव पार्छ । यसै सन्दर्भमा सहभागी शिक्षकहरूका आन्तरिक मूल्याङ्कनप्रति केकति विश्वस्त छन् भनेर धारणा सङ्कलन तथा विश्लेषण गरिएको छ । यसक्रममा आन्तरिक र बाह्य परीक्षाका नतिजालाई तुलना गरी टिप्पणी गर्न लगाइएको छ । आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजा राम्रो हुने धारणा राखेपछि यसो हुनाका कारणबारे थप प्रश्न गरिएको छ । यसक्रममा आन्तरिक र बाह्य मूल्याङ्कन कुन उपाय विश्वासिलो ठान्नुहुन्छ ? आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजा कति विश्वसनीय मान्नुहुन्छ ? जस्ता प्रश्न तथा प्रतिप्रश्न राखिएको छ । यी प्रश्नमा सहभागीहरूले जनाएका प्रतिक्रियालाई स्तम्भ चित्रमा यसप्रकार प्रस्तुत गरिन्छ :

**स्तम्भ चित्र २**

*आन्तरिक मूल्याङ्कनप्रति विश्वास*




माथिको नतिजामा सहभागी शिक्षकहरू आन्तरिक मूल्याङ्कनमा कम विश्वास गर्छन् भन्ने कुरा प्रस्ट हुन्छ । सहभागीहरूमध्ये ४७ प्रतिशतभन्दा बढीले बाह्य मूल्याङ्कन विश्वसनीय रहेको मानेका छन् । आन्तरिक मूल्याङ्कनप्रति विश्वास गर्ने शिक्षकको सङ्ख्या करिब ३३ प्रतिशत भन्दा कम रहेको छ । आन्तरिक मूल्याङ्कनको नतिजालाई विश्वास नगर्ने शिक्षकको सङ्ख्या ७७ प्रतिशतभन्दा अधिक छ । उनीहरूले आन्तरिक मूल्याङ्कन कार्यका आधारमा नभएर शिक्षकको स्वेच्छामा गरिने कुरा बताएका छन् । कार्य नै नगराई अङ्क प्रदान गरेको अवस्थामा यसप्रतिको विश्वसनीयता नहुनुलाई स्वाभाविक लिन सकिन्छ ।

अन्तर्वार्तामा सहभागी शिक्षकहरूले आन्तरिक मूल्याङ्कनको नतिजा सबैभन्दा विश्वसनीय हुनुपर्नेमा त्यसो नभएको धारणा राखेका छन् । उनीहरूले बाह्य परीक्षाका तुलनामा आन्तरिक मूल्याङ्कनको नतिजा राम्रो देखिनुमा शिक्षकहरूले मूल्याङ्कन नै नगरी अङ्क दिने गरेको बताएका छन् । अन्तर्वार्ताका आधारमा प्राप्त प्रतिक्रियालाई शब्दचित्रमा यसरी प्रस्तुत गरिन्छ ।

| | |
|---|---|
| शिक्षक क’ | शिक्षकहरूले लिखित परीक्षाको नतिजाअनुसार आन्तरिक मूल्याङ्कनका आधारहरूमा अङ्क चढाउने गरेकाले यसमा स्तर राम्रो देखिएको हो तर यस किसिमले अङ्कन विश्वसनीय छैन साथै हुन पनि सक्दैन । |
| शिक्षक ‘ख’ | कार्य नै नगराई उदारता प्रस्तुत गरिएकाले आन्तरिक मूल्याङ्कनको नतिजा राम्रो भए तापनि यो विश्वसनीय भने होइन । |
| शिक्षक ‘घ’ | विषय शिक्षकले गर्ने, नियमित कक्षाकोठामा हुने र सुधारको मौका पनि दिने प्रक्रिया अपनाएको आन्तरिक मूल्याङ्कनको नतिजा राम्रो हुन्छ तर हामीले हचुवाको भरमा अङ्क दिने गरेका हुन्छौं । |


शिक्षकहरूले आन्तरिक मूल्याङ्कन सैद्धान्तिक हिसाबले राम्रो भए तापनि व्यावहारिक रूपमा यसको सही उपयोग नभएकाले खालि अङ्क (ग्रेड) मात्र राम्रो देखिएको, यो विश्वसनीय नभएको बताएका छन् । लिखित परीक्षाको आधारमा अङ्क दिनु, कार्य नै नगराई आन्तरिक मूल्याङ्कनका मापदण्डहरूमा स्तर निर्धारण गर्ने प्रवृत्तिका कारण यसमा विश्वास गर्न नसकिने तर्क उनीहरूको छ।

## कार्यसञ्चयिका निर्माण र प्रयोग

आन्तरिक मूल्याङ्कनमा कार्यसञ्चयिका महत्त्वपूर्ण मानिन्छ । यो आन्तरिक मूल्याङ्कनको मुख्य आधार हो । विद्यार्थी सिकाइसम्बन्धी गतिविधिहरू अभिलेखीकरणका रूपमा यसको निर्माण गरिएको हुन्छ । यसको निर्माणको अवस्था र यसको कारणसम्बन्धी शिक्षकहरू प्रश्न गरिएकोमा त्यसमा प्राप्त प्रतिक्रियालाई यसप्रकार प्रस्तुत गरिन्छ :

**स्तम्भ चित्र ३**

*कार्यसञ्चयिका निर्माण र प्रयोग*




आन्तरिक मूल्याङ्कनका विद्यार्थीका सिकाइसम्बन्धी गतिविधिहरूलाई अभिलेखीकरणका लागि कार्यसञ्चयिका निर्माण गर्ने परिपाटी कमजोर रहेको देखिन्छ । सहभागी शिक्षकहरूमध्ये ७०.५९ प्रतिशत शिक्षकहरूले आफूले कार्यसञ्चयिका निर्माण नगरेको बताएका छन् भने ५.८८ प्रतिशत शिक्षकहरूले यसको बारेमा जानकारी नभएको प्रतिक्रिया जनाएका छन् । विद्यालयमा कार्यसञ्चयिका नबन्नुको कारण खुलाउदै ५८.८२ प्रतिशत शिक्षकहरूले कार्यसञ्चयिका बनाउने चलन नहुनुलाई मुख्य कारण मानेका छन् । २९.४१ प्रतिशत शिक्षकले विद्यार्थी सङ्ख्या ठुलो र समयको अभावलाई कार्यसञ्चयिका नबनाइनुको कारणका रूपमा दर्साएका छन् । यसका बारेमा जानकारी नै नभएका शिक्षकको सङ्ख्या ११.७६ प्रतिशत रहेको छ ।

अन्तर्वार्तामा सहभागी शिक्षकहरूसँग कार्यसञ्चयिकाको निर्माण, प्रयोग र त्यससम्बन्धी कारणबारे छलफल गरिएको छ । यसक्रममा अधिकांश शिक्षकहरूले कक्षा चारदेखि माथि विद्यार्थीको कार्यसञ्चयिका बनाउन र त्यसको अद्यावधिक गर्न नसकिएको मत राखेका छन् । यस सम्बन्धमा अन्तर्वार्तामा सहभागी शिक्षकहरूका विचार निम्नअनुसार छन् :

| | |
|---|---|
| शिक्षक क' | विद्यार्थीको व्यक्तिगत रेकर्डमा परीक्षाका नतिजा राखिए तापनि सिकाइसम्बन्धी व्यावहारिक कार्यहरूको विवरण राख्न सकिएको छैन |
| शिक्षक 'ख' | विद्यार्थी सङ्ख्याका कारण सबैको व्यक्तिगत कार्यसञ्चयिका बनाउन सम्भव छैन |

| | |
|---|---|
| शिक्षक 'ग' | विद्यार्थीहरूको व्यक्तिगत फाइल बनाएको तर त्यसमा त्रैमासिक परीक्षाको नतिजा र ाखिएको छ । आन्तरिक मूल्याङ्कनका सबै मापदण्डअनुसार कार्य भने गर्न सकिएको छैन । |
| शिक्षक 'घ' | विद्यार्थी सङ्ख्या, कार्यबोझ र विद्यालयको कारण कार्यसञ्चयिका बनाउने र त्यसको अद्यावधिक गर्ने कार्य हुन नसकेको हो । |
| शिक्षक 'ङ' | विद्यालयमा विद्यार्थीको नाम र मूल्याङ्कनका क्षेत्रहरू भएका फाराम उपलब्ध भए तापनि तिनको रेकर्डमा कुनैमा कार्यका आधारमा र कुनैमा लिखित परीक्षाको नतिजाकै आधारमा राख्ने गरिएको छ । |

अन्तर्वार्तामा सहभागी शिक्षकहरूका विचारबाट आन्तरिक मूल्याङ्कनका लागि मुख्य साधन कार्यसञ्चयिकाको निर्माण र प्रयोग नभएको देखिन्छ । विद्यालयले विद्यार्थीको नामावली र आन्तरिक मूल्याङ्कनका आधार रहेको फाराम उपलब्ध गराए तापनि त्यसलाई शिक्षकहरूले प्रयोगमा ल्याउन नसकेका वा नचाहेका स्पष्ट हुन्छ । सीमित सङ्ख्याका शिक्षकले मात्र यसलाई सीमित रूपमा प्रयोग गरेका छन् । पाठ्यक्रममा निर्धारण गरिएको सबै मापदण्डका आधारमा आन्तरिक मूल्याङ्कन गर्ने परिपाटी निर्माण नभएको कुरा उनीहरूका धारणाबाट प्रस्ट हुन्छ । आन्तरिक मूल्याङ्कनमा कार्यसञ्चयिकाको उपयोगका सम्बन्धमा गुगल फारामबाट र अन्तर्वार्ताबाट प्रतिक्रिया जनाउने सबै शिक्षकको धारणा मिल्दोजुल्दो रहेको छ ।

## आन्तरिक मूल्याङ्कनको प्रभाव

आन्तरिक मूल्याङ्कनको प्रभावका सम्बन्धमा सहभागी शिक्षकसँग गुगल फारामका आधारमा प्रतिक्रिया जनाउन लगाइएको छ । यसका लागि उनीहरूलाई सहमत, असहमत र तटस्थ रहने गरी चारओटा बुँदा दिइएको छ । यससम्बन्धमा शिक्षकबाट जनाइएका प्रतिक्रियालाई तालिकामा यसरी प्रस्तुत गरिन्छ :

**तालिका ४**

*आन्तरिक मूल्याङ्कनको प्रभावसम्बन्धी नेपाली विषय शिक्षकका प्रतिक्रिया*

| क.सं | कथन | सहमत | असहमत | तटस्थ |
|---|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा सहयोग गर्छ । | ९४.२९ | ० | ५.७१ |
| २. | विद्यार्थीको व्यवहार निर्माणमा सहयोग हुन्छ । | ८५.७१ | ८.५७ | ५.७१ |
| ३ | आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइमा सुधार गर्नका लागि पृष्ठपोषण प्रदान गर्ने प्रर्याप्त अवसर प्रदान गर्छ । | ८०.०० | ० | २०.०० |
| ४ | आन्तरिक मूल्याङ्कनले शिक्षकलाई पेसागतप्रति जिम्मेवार बनाउँछ । | ८०.०० | ८.५७ | ११.४३ |

सहभागी शिक्षकहरू आन्तरिक मूल्याङ्कनबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सहयोग हुने कुरामा स्पष्ट छन् । यसले विद्यार्थीको व्यवहार निर्माण गर्न, सिकाइमा सुधार ल्याउन,

आवश्यक पृष्ठपोषण प्रदान गर्न, पेसाप्रति जिम्मेवार बनाउन सकारात्मक भूमिका खेल्ने कुरामा ८० प्रतिशतभन्दा बढी शिक्षकले विश्वास गरेका छन् । यसप्रकारले सैद्धान्तिक रूपमा जानकारी राखेका भए तापनि व्यवहारमा ल्याउदा लिखित परीक्षाको नतिजाका आधारमा अङ्कन गर्ने, पाठ्यक्रमले तोकेका मापदण्डहरूमध्ये केहीलाई मात्र प्रयोगमा ल्याएर मूल्याङ्कन गर्ने अवस्था रहेको छ ।

अन्तर्वार्तामा सहभागी शिक्षकहरूले आन्तरिक मूल्याङ्कन विद्यार्थीको सिकाइ उपलब्धि प्राप्तिका लागि सहयोगी भएको धारणा राखेका छन् । उनीहरूका दृष्टिकोणलाई शब्दचित्रमा यसप्रकार प्रस्तुत गरिन्छ :

| | |
|---|---|
| शिक्षक क’ | आन्तरिक मूल्याङ्कनबाट सिकाइमा नियमितता, सहभागिता जस्ता अवसर हुने भएकाले विद्यार्थीको व्यवहारमा पनि परिवर्तन आउछ । |
| शिक्षक ‘ख’ | आन्तरिक मूल्याङ्कनमा भाषाका सबै सिपको अभ्यास गर्ने मौका पाउने भएकाले यो उपयोगी हुन्छ । |
| शिक्षक ‘ग’ | आन्तरिक मूल्याङ्कनमा समुहमा कार्य, प्रस्तुति, मौखिक वर्णन जस्ता कार्य गर्ने भएकाले यसले उनीहरूमा भाषिक सिप विकासमा सहयोग पुग्दछ । |
| शिक्षक ‘घ’ | आन्तरिक मूल्याङ्कनको वास्तविक प्रयोगले विद्यार्थीहरूलाई बाह्य लिखित परीक्षाको भयबाट समेत मुक्त बनाउँछ र यसमा सुधारको पर्याप्त अवसर प्राप्त हुन्छ । |
| शिक्षक ‘ङ’ | शिक्षकहरूले आन्तरिक मूल्याङ्कनका वास्तविकतालाई मनन गर्न सकेको खण्डमा यो उपयोगी हुने देखिन्छ । |


अन्तर्वार्तामा सहभागी शिक्षकहरूले आन्तरिक मूल्याङ्कनका उपयोगितालाई प्रस्ट्याएका छन् । उनीहरूले विद्यार्थीको सिकाइलाई निरन्तरता दिन, सहभागिता जनाउन, अभ्यासको मौका दिन, प्रयोग व्यवहारका आधारमा सिक्ने वातावरण निर्माण गर्न उपयोगी हुने विचार राखेका छन् । निरन्तर रूपमा मूल्याङ्कन हुने र उनीहरूले सिक्न बाँकी रहेका विषय पहिचान भई थप सिकाइको अवसर प्रदान गर्ने भएकाले सिकाइ उपलब्धि हासिल गर्न सहयोगी हुने जस्ता धारणा राखेका छन् । आन्तरिक मूल्याङ्कनका उपयोगितालाई सैद्धान्तिक रूपमा प्रस्ट्याउने सहभागी शिक्षकहरूले यसलाई व्यावहारिक अर्थमा ग्रहण गर्न सकेका छैनन् ।

## आन्तरिक मूल्याङ्कनका समस्या

सहभागी शिक्षकहरूसँग माध्यमिक तहको पाठ्यक्रमले निर्माण गरेको आन्तरिक मूल्याङ्कनका समस्याबारे प्रश्न सोधिएको छ । उनीहरूले पाठ्यक्रमले निर्धारण गरेका मापदण्डलाई उपयोग गर्न नसकिनु तथा आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन विभिन्न समस्याहरू दर्साएका छन् । यससम्बन्धाम सहभागी शिक्षकका धारणालाई यसप्रकार प्रस्तुत गरिन्छ :

**रेखाचित्र १**

*आन्तरिक मूल्याङ्कनका समस्या*




सहभागी शिक्षकहरूमध्ये ३७.१४ प्रतिशतले पाठ्यक्रममा निर्धारित आन्तरिक मूल्याङ्कनको प्रक्रियालाई अस्पष्ट र अव्यावहारिक हुनुलाई यसका समस्या मानेका छन् । कक्षामा धेरै विद्यार्थी र अधिक कार्यभारलाई समस्याका देख्ने शिक्षकको सङ्ख्या २८.५७ प्रतिशत रहेको छ । तालिम र प्रभावकारी सुपरीवेक्षणलाई समस्या देख्ने शिक्षकको सङ्ख्या ३४.२९ प्रतिशत रहेको छ । अधिकांश शिक्षकहरूले आन्तरिक मूल्याङ्कनका प्रावधानहरूलाई नै आन्तरिक मूल्याङ्कका समस्याका रूपमा औँल्याएका छन् ।

अन्तर्वार्तामा सहभागी शिक्षकहरूले पनि आन्तरिक मूल्याङ्कनको प्रभावकारी रूपमा उपयोग हुन नसक्नुमा विभिन्न कारणहरू देखाएका छन् । उनीहरूका विचारलाई यसरी प्रस्तुत गरिन्छ :

| | |
|---|---|
| शिक्षक क’ | शिक्षक जिम्मेवार नहुनु, आन्तरिक मूल्याङ्कन व्यवस्थित रूपमा सञ्चालन गर्ने परिपाटी विद्यालयमा नभएको र कार्यको अनुगमन पनि नहुने अवस्थाका कारण समस्या भएको हो । |
| शिक्षक ‘ख’ | कक्षामा विद्यार्थी सङ्ख्या अधिक, पद्धतिगत कार्य गर्ने साधनस्रोत र वातावरण नभएको, विद्यार्थीको प्रगति अभिलेख राख्ने प्रवृत्ति नभएकाले यो समस्याको विषय बनेको हो । |
| शिक्षक ‘ग’ | आन्तरिक मूल्याङ्कन सम्बन्धी मापदण्ड एवम् अन्य नीतिगत व्यवस्थाबारे सबै शिक्षक प्रस्ट भएको अवस्थाका कारण समस्या भएको हो । |
| शिक्षक ‘ङ’ | विद्यालयको कार्यभारका बिच आन्तरिक मूल्याङ्कनलाई वस्तुगत रूपमा सञ्चालन गर्न झन्झट लाग्ने भएकाले यो समस्यायुक्त बनेको हो । |

अन्तर्वार्तामा सहभागी शिक्षकहरूले आन्तरिक मूल्याङ्नका प्रक्रियाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन नसकेको कुरालाई स्वीकारेका छन् । उनीहरूलाई कार्यभार, विद्यार्थी सङ्ख्या, यससम्बन्धी मापदण्ड एवम् अन्य नीतिगत व्यवस्थामा हुने परिवर्तन असहज लागेको छ ।

सहभागीहरूले यसका अधिकांश मापदण्डलाई अव्यावहारिक समेत मानेका छन् ।

## प्राप्ति र छलफल

प्रस्तुत लेखमा माध्यमिक तहको नेपाली विषयको आन्तरिक मूल्याङ्कनको उपयोगका सम्बन्धमा शिक्षकहरुका धारणालाई विश्लेषण गरिएको छ । सहभागीहरूले आन्तरिक मूल्याङ्कनको कार्यान्वयन, यसप्रतिको विश्वास, कार्यसञ्चयिका निर्माण र प्रयोग, भाषा सिकाइमा यसको प्रभाव, यसका समस्या लगायतका विषयमा धारणा राखेका छन् । बन्द र खुला दुवै प्रकृतिका प्रश्नका आधारमा सङ्कलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजालाई पूर्वअध्ययनका निष्कर्ष, सम्बन्धित साहित्यमा स्थापित मापदण्डमा आधारित छलफल गरी निष्कर्ष निकालिएको छ ।

सहभागी शिक्षकहरूले आन्तरिक मूल्याङ्कनलाई आंशिक रूपमा उपयोग गरेका छन् । उनीहरुले त्रैमासिक तथा वार्षिक परीक्षाको समयमा यसका मापदण्डमा आधारित अङ्क दिएका छन् । यसबाट आन्तरिक मूल्याङ्कन निरन्तर प्रकृतिको रहने कुरा व्यवहारतः हासिल हुन सकेको छैन । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइमा निरन्तर सुधार गर्नु (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८, पृ. १०) रहन्छ । यो सम्बन्धित विषयमा निरन्तर कार्य गराएर सिकाइमा सुधार गर्दै उपचारात्मक शिक्षणको महत्त्वपूर्ण साधन (मगर, २०२४, पृ. १) का रूपमा रहनुपर्छ । यसको उपयोगबाट विद्यार्थीको क्षमतालाई निरन्तर सुधार गर्ने आधार निर्माण (लम्साल, गौतम र अधिकारी, २०६६, पृ. १९४) गरिन्छ । शिक्षकहरूले मूल्याङ्कनमा त्रैमासिक वा वार्षिक रूपमा उपयोग गर्नू सकारात्मक मान्न सकिदैन (साउद र अन्य, २०२३, पृ. ७५) । यसलाई विद्यार्थीका त्रुटि र कमजोरीको क्रमबद्ध तथा निरन्तर सुधार गर्नका लागि उपयोगी (अधिकारी, सन् २०२३, पृ. ६५) गराउनुपर्छ । यसैगरी अधिकांश शिक्षकले पाठ्यक्रमले निर्धारण गरेका केही क्षेत्रलाई मात्र आधार बनाएर आन्तरिक मूल्याङ्कन गरेका छन् । यसो गर्ने शिक्षकको सङ्ख्या ९१.४३ प्रतिशत र ८ प्रतिशत भन्दा कम शिक्षकले आन्तरिक मूल्याङ्कनलाई पाठ्यक्रमको मर्मअनसार सञ्चालन गरेको नतिजाबाट यस प्रक्रियामा पाठ्यक्रमका मर्मलाई अनुसरण नगरेको स्पष्ट हुन्छ । अधिकारी (सन् २०२३) ले आन्तरिक मूल्याङ्कनका विभिन्न मापदण्डको उपयोगमाथि जोड दिदै निरन्तर कार्यका आधारमा दिएको अङ्कले मात्र यसको विश्वसनीयता कायम राख्न (पृ. ६५) सकिने दावी गरेका छन् । आन्तरिक मूल्याङ्कन सिकाइको अभिन्न अङ्ग भएकाले यससँग सम्बन्धित आधारहरूको इमान्दारीपूर्वक पालना गरेको खण्डमा यसको विश्वसनीयता र वैधता कायम गर्न सकिन्छ (खनाल, २०२१, पृ. ८१) । सहभागी शिक्षकहरुबाट पाठ्यक्रमले निर्धारण गरेका सम्पूर्ण मापदण्डको सही किसिमले उपयोग नगरेको भन्ने धारणा राखिनुले आन्तरिक मूल्याङ्कन प्रभावकारी नहुने निष्कर्ष निस्किन्छ ।

शिक्षकहरूले आन्तरिक मूल्याङ्कनमा लिखित परीक्षालाई मुख्य मान्ने, पाठ्यक्रमद्वारा निर्धारित आधारहरूमा कार्य नै नगराई अङ्कन गर्ने प्रवृत्तिका कारण यो विश्वसनीय बनेको छैन । आन्तरिक मूल्याङ्कनको नतिजाप्रति विश्वस्त हुने शिक्षकको सङ्ख्या सतहत्तर प्रतिशतभन्दा अधिक छ । आन्तरिक मूल्याङ्कनप्रति विश्वास गर्ने शिक्षकको सङ्ख्या करिब बत्तिस प्रतिशत मात्र रहेको छ भने सत्चालिस प्रतिशतभन्दा बढीले बाह्य मूल्याङ्कनलाई विश्वास गरेको नतिजाबाट आन्तरिक मूल्याङ्कनलाई शिक्षक स्वयम्ले विश्वास गरेका छैनन् भन्ने स्पष्ट हुन्छ । माध्यमिक तहमा नेपाली विषयको आन्तरिक मूल्याङ्कनमा कार्यान्वय पक्ष कमजोर रहेकाले यसको प्रभावकारितामाथि प्रश्न गर्ने अवस्था रहेको छ । यसक्रममा पाठ्यक्रमले निर्धारण गरेका सबै क्षेत्रको समेटेर निरन्तर मूल्याङ्कन

भएको देखिदैन । पाठ्यक्रमले निर्धारण गरेका केही क्षेत्रलाई मात्र समेटेर मूल्याङ्कन गरिएको, यसको समय र प्रक्रियाका बारेमा पनि स्पष्ट नभएको पाइएको छ । यसले आन्तरिक मूल्याङ्कन व्यावहारिक रूपमा प्रभावकारी बन्न सक्दैन (खनाल, सन् २०१९, पृ.१५२) । आन्तरिक मूल्याङ्कन कहिले र कसरी गर्ने भन्ने विषयमा शिक्षकहरू प्रस्ट नहुनु, लिखित परीक्षाको आधारमा अङ्क दिइनु र कार्य नै नगराई हचुवाको भरमा स्तर निर्धारण गर्नूले आन्तरिक मूल्याङ्कन विश्वसनीय नभएको ठहर्छ ।

शिक्षकहरुले आन्तरिक मूल्याङ्कनको आधार कार्यसञ्चयिकाको निर्माण गरेका छैनन् । यसको निर्माण नगर्ने शिक्षक ७०.५९ प्रतिशत र जानकारी नभएका शिक्षक ५.८८ प्रतिशत र हनुले यस कुराको पुष्टि गरेको छ । शिक्षकले कार्यसञ्चयिका फाइल बनाउन अल्छी मान्ने, अधिक कार्यभार, समयाभावका कारण कार्यसञ्चयिका राख्न सकेका हुदैनन् (सोडारी, सन् २०२३, पृ. ३४) । कतिपय शिक्षकलाई यसबारे जानकारी नहुनु र कतिपयले निर्माण नगर्ने प्रवृत्तिका कारण आन्तरिक मूल्याङ्कको  मुख्य आधार कार्यसञ्चयिकाको सही प्रयोग नभएको प्रस्ट हुन्छ । यस नतिजाले आन्तरिक मूल्याङ्कन अविश्वसनीय भएको ठहर्छ । माध्यमिक शिक्षा पाठ्यक्रम (२०७८, पृ. ३६) ले विद्यार्थी सिकाइसम्बन्धी गतिविधिहरू अभिलेखीकरण र प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका अद्यावधिक गरी व्यवस्थापन गर्नुपर्ने कुरालाई निर्देशन गरेको छ । एजुकेसन रिभ्यु अफिस (सन् २०१६) ले आन्तरिक मूल्याङ्कन गर्ने आधारहरूमध्ये कार्यसञ्चयिकालाई पनि लिइएको छ (पृ. ४९) । कार्यसञ्चयिकाको प्रभावकारी प्रयोगका लागि शिक्षकमा यससम्बन्धी ज्ञान र अनुभव आवश्यक पर्छ (ब्रिगिन र बाकी, २००७, पृ. ८६) । यस कार्यमा सहभागी शिक्षकले ज्ञान र अनुभवको उपयोग गरेका छैनन् । विद्यार्थी सङ्ख्या अधिक हुनु, शिक्षकको कार्यभार धेरै हुनु र कार्यसञ्चयिकाको प्रयोगसम्बन्धी ज्ञानको अभावका कारणले पनि यसलाई बनाउन नसकेको देखिन्छ । कार्यसञ्चयिकाको प्रयोग के कसरी गर्ने भन्ने सन्दर्भमा शिक्षकहरूलाई प्रशिक्षणको आवश्यकता पर्छ (स्वरन र अन्य, सन् २०२२, पृ. ७१०) कार्यसञ्चयिका बिना गरिने मूल्याङ्कन वस्तुपरक तथा विश्वसनीय छैन भन्न सकिन्छ ।

नेपाली विषयको आन्तरिक मूल्याङ्कनमा पाठ्यक्रमले निर्धारण गरेका सबै आधारहरूलाई उपयोग गरिएको छैन । शिक्षकहरूले त्रैमासिक परीक्षा, विद्यार्थी उपस्थिति, सुनाइसम्बन्धी कार्यकलापलाई प्राथमिकता दिएका छन् । कक्षा सहभागिता, बोलाइ, पढाइ र परियोजना कार्यको प्रस्तुतिलाई कमै शिक्षकले मूल्याङ्कनको आधार बनाएका छन् । मूल्याङ्कनमा लेखाइलाई नै महत्त्व दिने गरेको देखिन्छ । शिक्षकहरूले यसका अतिरिक्त अन्य आधारहरू पनि आफै निर्माण गरेको पाइएको छ । मौखिक वर्णन, सस्वरवाचन, परियोजना कार्यको प्रस्तुतिमा धेरै समय लाग्ने भएकाले त्यसको प्रयोग कम भएको धारणा शिक्षकहरू राखेका छन् । आन्तरिक मूल्याङ्कनका लागि उपस्थिति, आन्तरिक परीक्षा, प्रयोगात्मक र परियोजना कार्यहरूलाई आधार बनाउन उपयुक्त रहन्छ (खनाल, २०१९, पृ. १४५) । भारतीय शिक्षा प्रणालीमा माध्यमिक तह कक्षा ९ र १० को हिन्दी भाषाको पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनका लागि समसामयिक आँकलन, बहुविधा आँकलन, पोर्टफोलियो र श्रवण एवम् वाचनलाई आधार बनाइएको (केन्द्रीय माध्यमिक शिक्षा बोर्ड, २०२५) छ । नेपाली भाषा शिक्षणका सन्दर्भमा पाठ्यक्रमले तयार पारेका आधारभूत क्षेत्रहरू उपयोग गर्नुपर्ने देखिन्छ । भाषा सिकाइलाई सक्षमतामा आधारित बनाउन निर्धारित सबै क्षेत्रहरू उपयोगी देखिए तापनि यसक्रममा लेखाइ सिपले अधिक प्राथमिकता पाएको छ ।

सहभागी शिक्षकहरूले आन्तरिक मूल्याङ्कनको उपयोगितालाई चिनाएका छन् । उनीहरूले विद्यार्थीको सिकाइलाई निरन्तरता दिन, सहभागिता जनाउन, अभ्यासको मौका दिन, प्रयोग

व्यवहारका आधारमा सिक्ने वातावरण निर्माण गर्न उपयोगी हुने देखाएका छन् । यसले सिकाइ प्रक्रियाको निरन्तर रूपमा मूल्याङ्कन हुने र सिक्न बाँकी रहेका विषय पहिचान गरी थप सिकाइको अवसर प्रदान गर्ने भएकाले यसलाई सहयोगीका रूपमा चिनाएका छन् । उनीहरू आन्तरिक मूल्याङ्कनबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सहयोग हुने कुरामा स्पष्ट छन् । । निरन्तर विद्यार्थी मूल्याङ्कनमा विद्यालय प्रशासन, विद्यार्थी, समय र कक्षा व्यवस्थापनका साथै शिक्षकसँग सम्बन्धित समस्याहरू हुनसक्ने कुरामा शिक्षक सावधान हुनुपर्छ (पौडेल, २०१९, पृ. १०५) । मगर (सन् २०२४, पृ. ६०) ले आन्तरिक मूल्याङ्कन विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने महत्त्वपूर्ण साधन भएको कुरामा जोड दिएका छन् । यसले विद्यार्थीको व्यवहार निर्माण गर्न, सिकाइमा सुधार ल्याउन, आवश्यक पृष्ठपोषण प्रदान गर्न, पेसाप्रति जिम्मेवार बनाउन सकारात्मक भूमिका खेल्ने कुरामा ८० प्रतिशतभन्दा बढी शिक्षकले विश्वास गरेका छन् । यसको मुख्य उद्देश्य विद्यार्थीको शिक्षण सिकाइका क्रममा सिकाइसम्बन्धी समस्या पहिचान गरेर सिकाइमा सुधार ल्याई निरन्तर पृष्ठपोषण प्रदान गर्नु (पाठ्यक्रम विकास केन्द्र, २०८०, पृ. १) रहन्छ । यसले विद्यार्थीहरूलाई नयाँ ज्ञान र सिप विकास गर्ने महत्त्वपूर्ण अवसरहरू प्रदान गर्दछ र यसको नियमित प्रयोगले विद्यार्थीको वास्तविक अवस्था सुधार्न सहयोग गर्छ (फुयाल, २०२४, पृ. ५१-५५) । यसरी आन्तरिक मूल्याङ्कनका उपयोगितालाई सैद्धान्तिक रूपमा प्रस्ट्याउने सहभागी शिक्षकहरूले यसलाई व्यावहारिक अर्थमा ग्रहण गर्न सकेका छैनन् ।

आन्तरिक मूल्याङ्कनको प्रक्रियालाई अस्पष्ट र अव्यावहारिक मान्ने शिक्षकहरूको प्रतिशत धेरै रहेको छ । कक्षामा विद्यार्थी सङ्ख्या ठुलो, शिक्षकको अधिक कार्यभार, तालिम तथा प्रभावकारी सुपरीवेक्षण लगायतका पक्षलाई आन्तरिक मूल्याङ्कनका समस्याका रुमपा लिइएको छ ।  शिक्षकहरूले आन्तरिक मूल्याङ्कनका प्रावधानहरूलाई नै यसका समस्याका रूपमा देखाउनुले उनीहरूको यसप्रतिको दृष्टिकोण सकारात्मक नभएको ठहर्छ । अन्तर्वार्तामा सहभागी भएका शिक्षकहरूले आन्तरिक मूल्याङ्नलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन नसकेको कुरा खुलाएका छन् । उनीहरूलाई दिइएको कार्यभार, विद्यार्थी सङ्ख्या, यससम्बन्धी मापदण्ड र नीतिगत व्यवस्था असहज लागेको छ । शिक्षकहरूले यसका अधिकांश मापदण्डलाई अव्यावहारिक मान्नुले यसप्रतिको धारणालाई प्रस्ट्याएको छ । सापकोटा (सन् २०२३) ले विद्यार्थीको निरन्तर मूल्याङ्कनमा तालिम प्राप्त शिक्षकको अभाव, सहकार्यको अभाव, शिक्षकको कमजोर इच्छाशक्ति, अव्यवस्थित कक्षा, कामको भार र स्रोतको अपर्याप्ततालाई यसका समस्याका रूपमा प्रस्तुत गरेका छन् । उनको विचार सहभागी शिक्षकका धारणासँग मिल्दो देखिन्छ । आन्तरिक मूल्याङ्कनबाट विद्यार्थीहरूमा सिकाइप्रति आत्मानुभूतिका साथै पृष्ठपोषण प्रदान गर्दै गुणस्तर अभिवृद्धि गर्न सम्भावना (नेपाल, २०१७, पृ. ५६) हुन्छ । यो विद्यार्थीको सिकाइलाई रचनात्मक र सशक्त बनाउन प्रक्रियाको समष्टि रूप हो (सुवेदी, २०१९,पृ. १९) । विद्यार्थीहरूमा आत्मविश्वास र सञ्चार कौशल विकासका लागि यसको सूक्ष्म भूमिका रहने (सुवेदी, २०१९, पृ. ३३) कुरालाई शिक्षकले आत्मसात् गर्न सकेका छैनन् । विद्यार्थीको व्यवहार निर्माणमा आन्तरिक मूल्याङ्कन सहयोग हुने, शिक्षण सिकाइका कमीकमजोरी पहिचान गरी आगामी योजना र कार्यप्रक्रिया अघि बढाउन मदत गर्ने आधार भएको कुरालाई शिक्षकले व्यावहारिक रूपमा उपयोग गर्न आवश्यक देखिन्छ ।

बन्द प्रश्नावली र खुला अन्तर्वार्ताका आधारमा सहभागी शिक्षकहरूबाट प्राप्त धारणामा माध्यमिक तहको नेपाली विषयको आन्तरिक मूल्याङ्कनको विद्यमान अवस्था स्पष्ट भएको छ । उनीहरूले यसका कमजोरी र सुधारका उपायहरूलाई पनि सुझाएका छन् । विद्यालयमा आन्तरिक

मूल्याङ्कनको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ । यसप्रति शिक्षक स्वयम्को इमान्दारिता र विश्वास पनि कम छ । आन्तरिक मूल्याङ्कनका लागि आवश्यक तयारी, जानकारी, कार्यसञ्चयिका निर्माण जस्ता योजना साधन स्रोतका सम्बन्धमा पनि कमजोरीहरू रहेका छन् । भाषा सिकाइमा आन्तरिक मूल्याङ्कनको प्रभाव, यसको उपयोगको तौरतरिकाबारे शिक्षकहरूलाई व्यावहारिक रूपमा स्पष्ट पार्न आवश्यक देखिन्छ ।

## निष्कर्ष

आन्तरिक मूल्याङ्कन भाषा शिक्षण सिकाइमा सुधार र स्तर अभिवृद्धिका लागि निर्माण गरिएको हो । सहभागी शिक्षकहरूले यस कुरालाई स्विकार गरे तापनि यसलाई सही किसिमले कार्यान्वयनमा ल्याउन आवश्यक छ । आन्तरिक मूल्याङ्कनको मूल मर्मबारे शिक्षकहरू सैद्धान्तिक रूपमा जानकार छन् तर व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याउन सकेका छैनन् । यसबाट सिद्धान्त, विचार र कार्यान्वयनमा तालमेल मिलेको छैन भन्ने स्पष्ट हुन्छ । नियमित पृष्ठपोषण, व्यावहारिक सिकाइमा जोड दिई माध्यमिक तहमा अध्ययनरत विद्यार्थीको भाषा सिकाइ उपलब्धि सुधार्न यसलाई उपयोगी बनाउनु पर्ने देखिन्छ । शिक्षासँग सम्बन्धित नीतिगत समस्या, शिक्षकहरूको मनोवृत्ति, सरोकारवालाहरूको न्यून चासो, शिक्षकको उच्च कार्यभार र मूल्याङ्कन तरिकामा स्पष्ट हुन नसक्दा आन्तरिक मूल्याङ्कन प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको देखिएन । आन्तरिक मूल्याङ्कनको प्रभावकारी प्रयोग गर्नका लागि शिक्षक पेसागत रूपमा इमान्दार र सक्षम रहनुपर्ने देखिन्छ ।

आन्तरिक मूल्याङ्कनका उद्देश्य हासिल गर्न यसलाई वस्तुपरक रूपमा कार्यान्वयनमा ल्याउन आवश्यक छ । पाठ्यक्रमले यसका स्पष्ट आधार तथा प्रक्रिया निर्धारण गरेकोमा तिनको व्यवस्थित र विश्वसनीय प्रयोग गर्न सक्नुपर्ने देखिन्छ । आन्तरिक मूल्याङ्कन नतिजालाई वैध तथा विश्वसनीय बनाउन पाठ्यक्रमले निर्धारण गरेका सबै मापदण्डअनुसार निरन्तर रुपमा कार्यकलाप गराइनु पर्छ । यसलाई विद्यार्थीको भाषा सिकाइमा सुधारका लागि आधारका रुपमा उपयोग गरिनु पर्छ । यसका लागि आवश्यक तयारी, साधनस्रोतको खोजी र निर्माण गर्नूपर्दछ । यसलाई प्रभावकारी बनाउनका लागि सरोकारवालासँगको छलफल, सहकार्य, अनुभवको आदानप्रदान, सूचना व्यवस्थापनका साथै विद्यालय प्रशासन, स्थानीय सरकारका सम्बन्धित निकायले त्यसमा रचनात्मक भूमिका खेल्नु पर्दछ । यसरी शिक्षक स्वयंले स्वीकारेका कमीकमजोरीलाई हटाई आन्तरिक मूल्याङ्कनको निरन्तर, योजनाबद्ध तथा व्यवस्थित कार्यान्वयन गरी भाषा सिकाइ सुधारको मुख्य रणनीतिका रूपमा ग्रहण र उपयोग गर्न आवश्यक छ ।

## सन्दर्भसामग्री

Adhikari R. P. (2023). Students' perceptions on internal assessment system: A case of Tribhuvan University, Nepal. *Ciencia e Interculturalidad, 33*(2), 43—68.

Arzianpour, F., Hosseini, S., Mirsepasi, A., Honary, H., Hosseini, S., & Hosseini, S. (2013). Internal evaluation of the department of environmental health science and engineering. *American Journal of Applied Sciences, 10*(5), 58—63. https://doi.org/10.3844/ajassp.2013.58.63

Birgin, O., & Baki, A. (2007). The use of portfolio to assess student's performance. *Online Submission, 4*(2), 75—90.

Chapagain, Y. (2021). School student academic performance in Nepal: An analysis using the school education exam (SEE) results. *International Journal on Studies in Education (IJonSE), 3*(1), 22-36. https://doi.org/10.46328/ijonse.34

Education Review Office (2016). *Effective internal Evaluation for Improvement*. Education Review Office New Zealand.

Gyawali, Y. P. (2021). Evaluation system at school level in Nepal: Major pitfalls and considerations. *Marsyangdi Journal, 2*(1), 60–66. https://doi.org/10.3126/mj.v2i1.39965

Khanal, R. (2021). The stakeholders' perception on the eeliability and validity of internal assessment. *KMC Research Journal, 5*(5), 71—82.

Love, A. J. (2011). *Internal evaluation: Building organizations from within*. Sage. https://doi.org/10.4135/9781412984546

Magar, B. R. (2024). *The role of internal assessment in strengthening students' learning* [Master's thesis, Tribhuvan University]. Department of English Education, Faculty of Education, Tribhuvan University.

Manichander, T. (2016) *Assessment in Education*. Laxmi Book Publication. https://shorturl.at/jlsuO 2080.07.14

Nepal, D. (2017). Why Students are Cool to internal assessment? A study of the behavior of students of Koteshwar Multiple Campus (KMC). *KMC Research Journal, 1*(1), 51-56.

Phuyel, S. (2024). *Internal Assessment for learning english; Teaching'Experiences and students' perceptions* (Unpublished Master thesis). Faculty of Education Tribhuvan University.

Saud, M.S., Aryal, S., & Sapkota, J. (2024). Student assessment in formal education: Nepali community school teachers' perspectives. *Prithvi Academic Journal, 7*, 67—77. https://doi.org/10.3126/paj.v7i1.65764

Sapkota, S. (2023). *English Teachers' Perceptions on the Use of Formative Assessment [unpublished Master level thesis]*. Faculty of Education, Tribhuvan University.

Subedi, A. (2019). Perceptions of students and teachers towards the semester system of Tribhuvan University. *Interdisciplinary Research in Education, 4*(1), 19—34.

Swaran Singh, C. K., Muhammad, M. M., Mostafa, N. A., Noordin, N., Darmi, R., Md Yunus, M., ... & Masa Singh, T. S. (2022). Challenges and Needs of ESL Teachers in Implementing Portfolio Assessment as Alternative assessment in teaching English. *Asian Journal of University Education, 18*(3), 710—723.

TARAL, K. S. (2015). Internal and external evaluation in education. *International Journal of Research in Humanities and Social Sciences, 3*(1), 57—61.

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (२०२५, मार्च, २९). *हिन्दी मातृभाषा.* https://cbseacademic.nic.in/#

खनाल, पेशल (२०८०). *शैक्षिक अनुसन्धान पद्धति.* सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (सन् २०२१). आन्तरिक मूल्याङ्कनमा परीक्षणका प्रमुख गुणप्रति सरोकारवालाको दृष्टिकोण. *करिकुललम डेभलप्मेन्ट जर्नल.* २९(४३), २४९–२६१. https://doi.org/10.3126/cdj.v29i43.41059

खनाल, राजेन्द्र (सन् २०१९).आन्तरिक मूल्याङ्कनको प्रभावकारितासम्बन्धी विद्यार्थी दृष्टिकोणको सेमेस्टरगत तुलना. *त्रिभुवन युनिभर्सिटी जर्नल, ३३*(२), १४१–१५४ । https://doi.org/10.3126/tuj.v33i2.33641

पाठ्यक्रम विकास केन्द्र (२०६३). *राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३*. शिक्षा तथा खेलकुद मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०८०). *विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० कक्षा ९-१२)*. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०७६). *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६*. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०७६).*माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा २०७६ (कक्षा ११ र १२)*. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

पौडेल, सुरज (२०१९). नेपाली भाषा शिक्षकको निरन्तर मूल्याङ्कनप्रतिको धारणा. *पृथ्वी जर्नल अफ रिसर्च एन्ड इनोभेसन, १*, ९६–१०० ।https://doi.org/10.3126/pjri.v1i0.29901

सोडारी, सुजन (सन् २०२३). भाषा शिक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कनप्रति सरोकारवालाको धारणा.*इनोभेटिभ रिसर्च जर्नल २*(२), २४–३४ ।https://doi.org/10.3126/irj.v2i2.56151

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८). *नेपाली भाषा र साहित्य शिक्षण.* विद्यार्थी पुस्तक भण्डार .